चाडपर्वलाई पारिवारिक भेटघाटको अवसरका रूपमा प्रयोग गरौं, हाम्रा सांस्कृतिक पर्वहरूको जगेर्ना गरौं, चाडपर्वमा अनावश्यक खर्च नगरौं, मद्यपान र जुवातास जस्ता विकृतिको अन्त्य गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com


प्रतीक

प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ कात्तिक ०४ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 October 20 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ५८

## रास्वपाको विरोध र्‍याली
# अध्यक्ष लामिछानेलाई षडयन्त्रपूर्वक फसाइयो

प्रस, वीरगंज, ३ कात्तिक/
सहकारी ठगीकाण्डमा शुक्रवार पक्राउ परेका राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष एवं पूर्वगृहमन्त्री रवि लामिछानेको समर्थनमा शनिवार वीरगंजमा विरोध र्‍याली निकालिएको छ।



वीरगंज ब्यारेकनजीकबाट निकालिएको विरोध र्‍याली घण्टाघरमा पुगेर प्रधानमन्त्रीको पुतला प्रदर्शन गर्न खोज्दा प्रहरीले रोक लगाएको थियो र सो क्रममा दुवै पक्षबीच सामान्य झडप भएको थियो। र्‍याली नगरपरिक्रमा गर्दै घण्टाघरमा कोणसभा गरेर समापन भएको थियो।

रास्वपा, पर्साका अध्यक्ष हरि पन्तको अध्यक्षतामा भएको विरोधसभामा केन्द्रीय सदस्य डा नन्दन यादवले भ्रष्टाचारीलाई कारबाही गर्न थालेपछि एमाले–काङ्ग्रेसको गठबन्धन बनेको र अहिले षडयन्त्रपूर्वक अध्यक्ष लामिछानेलाई पक्राउ गरिएको आरोप लगाए।

उनले सहकारी ठगीको छानबीनका लागि बनेको संसदीय समितिले पनि दोषी नदेखाएका अध्यक्ष लामिछानेलाई विभिन्न प्रपञ्च रचेर राजनीतिक प्रतिशोध साँध्ने उद्देश्यले पक्राउ गरिएको दाबी गरे।

विरोधसभामा रास्वपा, पर्साका जीतेन्द्र मिश्र, फैयाज मियाँ, चन्दन गुप्ताले मन्तव्य व्यक्त गरेका थिए भने सहजीकरण प्रमोद रायमाझीले गरेका थिए।

विरोधसभामा सो पार्टीका कार्यकर्ताहरूले राजनीतिक प्रतिशोध साँध्न पाइँदैन, अधिनायकवाद चल्दैन, सरकार मर्‍यो, हामीलाई जूठो पर्‍यो, ओइ बाख्रा ओइ तेरो प्रमाण खोइ, भ्रष्टाचारी सरकार मुर्दाबाद, भ्रष्टाचारी हायहाय, ओली तेरो पाराले दुःख पायो साराले, नडराऊ रवि दाइ जनता तिम्रो साथमा छ, अन्याय गर्न पाइँदैन जनता चुप बस्दैन जस्ता प्लेकार्ड बोकेर नाराबाजी गरेका थिए।

# महानगरमा ड्रोनमार्फत भू–तथ्याङ्क सङ्कलन

प्रस, वीरगंज, ३ कात्तिक/
वीरगंज महानगरपालिकाले भू–तथ्याङ्क व्यवस्थापनका लागि वैज्ञानिक ठेगाना प्रणाली लागू गर्न ड्रोनमार्फत भू–सर्वेक्षण शुरू गरेको छ।

भू–सुशासनका लागि ३२ वटै वडाको भू–तथ्याङ्क सङ्कलन गर्न ड्रोनमार्फत शुक्रवारदेखि सर्वेक्षण शुरू गरिएको नगरप्रमुख राजेशमान सिंहले बताए।



नेपाल–भारत प्रवेश शङ्कराचार्य द्वारबाट नगरप्रमुख सिंहले ड्रोन उडाएर तथ्याङ्क सङ्कलन कार्य शुभारम्भ गरेका थिए।

बढ्दो शहरीकरणसँगै जनघनत्व वृद्धि हुँदै गए पनि भू–तथ्याङ्क चुस्त नहुँदा तथ्याङ्कमा आधारित उपयोग निर्धारण नीति कार्यान्वयन गर्न कठिनाइ भएपछि हिजोबाट वैज्ञानिक ठेगाना प्रणाली लागू गर्न ड्रोनमार्फत भू–सर्वेक्षण शुरू गरिएको नगरप्रमुख सिंहले बताए।

भू–तथ्याङ्क व्यवस्थापन गर्दै वैज्ञानिक ठेगाना प्रणालीमार्फत महानगरलाई व्यवस्थित र स्मार्ट नगरका रूपमा विकास गर्न यो प्रणालीले टेवा पुर्‍याउने उनले विश्वास व्यक्त गरे।

भू–तथ्याङ्क व्यवस्थापनपछि वैज्ञानिक ठेगाना प्रणाली लागू हुनुका साथै तथ्याङ्कमा आधारित उपयोग निर्धारण नीति अवलम्बन गर्न सहयोग पुग्ने र त्यसले कर प्रणालीमा पनि सुधार ल्याएर कर सङ्कलनमा वृद्धि हुने दाबी गरे।

युके इन्टरनेशनल डेभलपमेन्टको आर्थिक सहयोग र द एशिया फाउन्डेशनको डाटा फर डेभलपमेन्ट कार्यक्रम अन्तर्गत परियोजना शुरू भएको र १० दिनमा महानगरपालिकाका ३२ वटा वडाको भू–तथ्याङ्क सङ्कलन हुने र त्यसपछि तथ्याङ्कको प्रशोधन गरी उपयोगमा ल्याउन केही समय लाग्ने सर्वेक्षणमा संलग्न नक्शा प्रालिले जानकारी गराएको उनले बताए।

# वीरेन्द्रको हत्यामा पत्नी मनीषाकै हात

राधेश्याम पटेल, परवानीपुर, २ कात्तिक/
वीरगंज–३ प्रगतिनगर बस्ने वीरेन्द्र साह सोनारको हत्यामा निजकै पत्नीको हात रहेको प्रारम्भिक अनुसन्धानले देखाएको छ।

वीरेन्द्रको हत्यामा पत्नी मनीषादेवी र मनीषाका प्रेमी विजयप्रसाद कलवारको संलग्नता रहेको परिवारजनले जनाएका छन्। वीरेन्द्रका बुबा बिन्दा साह सोनारले बुहारी मनीषाकै योजनामा छोरा वीरेन्द्रको हत्या भएको आरोप लगाएका छन्।

भारत, बिहार, रक्सौल, परेउवा टोल बस्ने वर्ष ३० का विजयप्रसाद कलवार विगत तीन वर्षदेखि वीरेन्द्रकै घरमा डेरा लिएर बस्दै आएका छन्। मार्बल, टायलको ठेक्कापट्टा गर्ने विजयको मनीषासँग प्रेम सम्बन्ध स्थापित भएपछि केही महीना अघि विजयसँग मनीषा भागेकी पनि थिइन्। त्यति बेला घरमा ठूलै विवाद भएको थियो। तर घरको मानसम्मान र इज्जत जोगाउन आइन्दा गलती नगर्ने र पति–पत्नी मिलेर बस्ने सहमति भएको वीरेन्द्रका माइला दाइ सुरेन्द्र साहले बताए। "भाइलाई मनीषाको चालचलन थाहा थियो, त्यस कारण पति–पत्नीबीच बेलाबेला झगडा भइरहन्थ्यो," उनले भने।

"असोज २७ गते अपराह्न ४ बजे विजयसँगै भाइ बाराको मुसहर्वा मेला

(बाँकी अन्तिम पातामा)

## विश्वप्रसिद्ध गढीमाई मेलामा
# शुद्ध खानेपानी र शौचालयको व्यवस्थापन हुने

प्रस, वीरगंज, ३ कात्तिक/
खानेपानीमन्त्री प्रदीप यादवले बारा जिल्लाको महागढीमाई नगरपालिकास्थित बरियारपुरमा रहेको विश्वप्रसिद्ध गढीमाई मन्दिरमा लाग्ने पञ्चवर्षीय मेलामा भक्तजन र दर्शनार्थीका लागि शुद्ध खानेपानी र शौचालयको व्यवस्थापन गरिने बताएका छन्।



आगामी मङ्सिर महीनाको दोस्रो सातादेखि लाग्ने पञ्चवर्षीय मेला पशुबलिका लागि विश्वमा चर्चित छ। मेला भर्न आउनेहरूलाई खानेपानी र शौचालयको समुचित व्यवस्था हुने मन्त्री यादव शनिवार मन्दिरमा पुगेर बताएका हुन्।

प्रसिद्ध गढीमाई मन्दिरमा आज पूजा गरी मन्त्री यादवले स्थानीय जनप्रतिनिधि र पूजा व्यवस्थापन समितिका पदाधिकारीहरूसँग यसबारे छलफल गरेका थिए। मन्त्री यादवले यस अघिका मेलाहरूमा खानेपानी र शौचालयको उचित व्यवस्थापन हुन नसक्दा मेला भर्न आउनेहरूलाई निकै समस्या भएको भन्दै यस वर्ष सो कार्य नदोहोरिने प्रतिबद्धता व्यक्त गरे।

मेला अवधिभरि पानीको शुद्धता मापन यन्त्र जडान गरिने र सोको सञ्चालन र व्यवस्थापनमा कुनै कमी हुन नदिने बताए। उनले प्रदेश सरकारका प्रतिनिधिहरूलाई बरियारपुर क्षेत्रका विभिन्न स्थानमा डीप बोरिङ जडान गर्न आग्रह गरे।

उनले आफ्नो प्रदेशमा रहेको ऐतिहासिक धार्मिक महत्त्वको मन्दिरले विश्वमा पहिचान बनाएको र देश विदेशबाट मानिसहरू मेला भर्न आउने हुँदा प्रदेश र देशको नाम पनि जोडिने हुँदा शुद्ध पिउने पानी र शौचालयको व्यवस्थापनमा हुने लापरवाही क्षम्य नहुने चेतावनी पनि दिए।

मेला पर्यटकको ध्यान आकर्षण गराउने अवसर पनि भएकोले यसमा सबै पक्षले जिम्मेवारीपूर्ण तयारी गर्नुपर्ने सुझाए।

उनले गढीमाई मन्दिर र मेला क्षेत्रलाई उत्कृष्ट पर्यटकीय गन्तव्यको रूपमा विकास गर्नका लागि तीनै तहका सरकारबीच सहकार्य आवश्यक रहेको बताए।

कार्यक्रममा बाराका सांसद कृष्णाकुमार श्रेष्ठ, पूर्वसांसद प्रमोद गुप्ता, गढीमाई मेला मूल आयोजक समितिका अध्यक्ष एवं महागढीमाई नगरपालिकाका प्रमुख उपेन्द्र यादव, जीतपुरसिमरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष मोहन शर्मालगायतको सहभागिता थियो।

# दुईजना महिलासहित ११७ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ३ कात्तिक/
वीरगंज महानगरपालिकाको दुई स्थानमा शनिवार सम्पन्न रक्तदान कार्यक्रममा दुईजना महिलासहित ११७ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख शौरभराज पाण्डेयले बताए।




न्यू राव इन्टरप्राइजेजले वीरगंज–१४ बहुअरी गण्डक चोकमा आयोजना गरेको रक्तदान कार्यक्रममा एकजना महिलासहित ८४ जनाले रक्तदान गरेको केन्द्रका प्राविधिक प्रमुख पाण्डेले बताए। उनले चन्दन पासवान, राम सिंह, राजासाह कानू, धीराज पटेल, सरोज यादव, सन्नी कुशवाहा, रिद्यानन्द महतो, नन्दकिशोर चौधरी, सन्दीप कुमार लगायतले रक्तदान गरेको बताए।

यसैगरी, वीरगंज–३१ चोर्नीस्थित दृष्टि युवा क्लबले आयोजना गरेको रक्तदान कार्यक्रममा एकजना महिलासहित ३३ जनाले रक्तदान गरेको केन्द्रका प्राविधिक मनीष गुप्ताले बताए। राजु मण्डल, कृष्ण पटेल, प्रदीप मण्डल, रमेश राम, अनिल क्षत्री, सन्तोष राम, सञ्जय पासवान, रूपनारायण महतो, अरविन्द मण्डललगायतले रक्तदान गरेका थिए।

# कन्डम दिवसमा प्रभातफेरी, कोणसभा

प्रस, वीरगंज, ३ कात्तिक/
राष्ट्रिय कन्डम दिवस शनिवार प्रभातफेरी र कोणसभा गरी मनाइएको छ। नेपाल रेडक्रस सोसाइटी, पर्साको अगुवाइ र वीरगंज महानगरपालिकालगायत विभिन्न गैरसरकारी संस्थाहरूको सहभागितामा शनिवार घण्टाघरबाट प्रभातफेरी निकालिएको थियो।




प्रभातफेरी कार्यक्रमको प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले उद्घाटन गरेका थिए। उनले कन्डमको प्रयोगबाट विभिन्न यौनजन्य रोगबाट जोगिन सकिने बताए। उनले सुरक्षित यौनजन्य कार्यका लागि कन्डमको अनिवार्य प्रयोग स्वास्थ्यका लागि फाइदाजनक हुने बताए।

घण्टाघरबाट निकालिएको

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**रचनात्मकता, जति उपयोग गरे पनि सकिन्न । जति उपयोग गर्‍यो, त्यति थपिन्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# तथ्याङ्कीय आत्मरति

समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**जनशक्ति विदेशिएपछि विप्रेषणको आकार बढ्नु पनि आश्चर्य होइन । स्वदेशमा रोजगारको अवसर नपाएर बाहिरिएको जनशक्तिले पठाएको रकम देखाएर प्रगति विवरण देखाउने र आत्मरतिमा रमाउने प्रवृत्ति चाहिं आश्चर्यको विषय हो ।**

नेपालको केन्द्रीय बैंक नेपाल राष्ट्र बैंकको तथ्याङ्क अनुसार गत आर्थिक वर्षको भदौको तुलनामा यस वर्ष वैदेशिक रोजगारका लागि विदेशिने नेपालीहरू बढेका छन् । देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति नाम दिइएको प्रतिवेदनमा श्रम स्वीकृति लिनेको सङ्ख्या गत भदौमा ७४ हजार ४५५ रहेकामा यो वर्षको सोही अवधिमा ७६ हजार ४८५ पुगेको छ। ४० हजार ५८३ जनाले पुनः श्रम स्वीकृति लिएका छन् । यो भनेको देशमा रोजगारको अवसर खुम्चिएको अवस्था हो । स्वदेशमा रोजगार नपाएपछि वैदेशिक रोजगारमा जानेको सङ्ख्या उच्च रहनु अस्वाभाविक पनि होइन । जनशक्ति विदेशिएपछि विप्रेषणको आकार बढ्नु पनि आश्चर्य होइन । स्वदेशमा रोजगारको अवसर नपाएर बाहिरिएको जनशक्तिले पठाएको रकम देखाएर प्रगति विवरण देखाउने र आत्मरतिमा रमाउने प्रवृत्ति चाहिं आश्चर्यको विषय हो ।

वैदेशिक रोजगारमा जानेको सङ्ख्या बढेसँगै पछिल्लो समयमा ती रोजगारमा गएका युवाहरूले रकम पठाउनेक्रम पनि बढेको छ। वैदेशिक रोजगारबाट आएको विप्रेषणको आकार बढ्दा त्यसको प्रभाव विदेशी विनिमयको सञ्चितिमा स्वाभाविकरूपमा पर्ने नै भयो। वैदेशिक रोजगारमा जाने जनशक्तिले पठाएको रकम थुप्रिनुलाई सरकारले अर्थतन्त्रको सकारात्मक स्थितिको रूपमा चित्रित गरिराखेको पनि छ। यो वास्तविक सुधार हो कि पानीको फोका मात्रै हो ? यसको मिहीन विश्लेषण आवश्यक नठानिनु सरकारको प्रचारमुखीभन्दा बढी खतरनाक प्रवृत्ति हो ।

यति ठूलो परिमाणमा विप्रेषण भित्रिए पनि त्यो रकम बैंकमा थुप्रिएको छ, लगानीका रूपमा रूपान्तरण गर्न सकिएको छैन । विगतमा विप्रेषणको रकम उपभोगमा खपत भयो भनेर चिन्ता हुन्थ्यो, उत्पादनसँग जोड्न नसकिएकोमा चिन्ता जाहेर हुन्थ्यो। अहिले न उपभोग, न उत्पादनको अवस्था छ । रकम उपयोगविहीन भएर बैंकमा थुप्रिएको छ, सरकार यसलाई उपलब्धिको रूपमा प्रचार गरिराखेको छ ।

सरकारी आँकडा अनुसार चालू आर्थिक २०८१/८२ को वर्षको दोस्रो महीना भदौमा मात्रै विप्रेषण आप्रवाहमा १५.५ प्रतिशत वृद्धि भएको छ । दशैं, तिहार र छठजस्ता चाडपर्वका लागि बाहिरबाट रकम पठाउने समय परेकाले आप्रवाह बढेको हो। राष्ट्र बैंकका अनुसार आयात व्यापारमा झिनो सुधार आएको देखिन्छ भने निर्यात कारोबार खस्किएको छ। देशभित्र रकम भित्रिने र बाहिरिने अवस्था शोधनान्तर स्थिति बचतमा देखिएको छ । शोधनान्तर स्थिति एक खर्ब एक अर्ब ७७ करोड रुपैयाँले बचतमा देखिएको छ । मूल्यवृद्धि तीन दशमलव ८५ प्रतिशत रहेको भनिएको छ । यो गत आव समीक्षा अवधिको तुलनामा करीब पाँच प्रतिशत बिन्दुले कम भनिए पनि प्रत्याभूतिमा यो कमजोर देखिएको छ । उपभोग संस्कृतिमा कमी आएका कारण बजारमा वस्तु तथा सेवाको मागमा कटौती भएको छ। यसको प्रभाव बजार मूल्यमा परेको अनुमान अन्यथा होइन ।

दशैं, तिहारजस्ता ठूला चाडपर्वमा उपभोग्य वस्तुको बिक्री बढी हुन्छ। कुल व्यापारको करीब ३० प्रतिशत व्यापार यही समयमा हुन्छ । तर यस्ता पर्वमा पनि व्यापारी व्यापार हुन नसकेको गुनासो गरिरहेका भेटिन्छन्। कोरोना महामारी शुरू भएयता यो समस्या शुरू भएपनि पछिल्ला वर्षहरूमा यो समस्या अझ चर्किएको बताउनेहरूको कुरा मान्ने हो भने अर्थतन्त्रका संरचनासम्मै समस्याले गाँजेको अनुमान लगाउन सकिन्छ ।

बाहिरबाट भित्रिने वस्तु तथा सेवा खरीदका लागि बाहिरिने रकमको सन्तुलन बढेर सञ्चिति थुप्रिँदै गएको छ। कुल विदेशी विनिमयको सञ्चिति बढेर २१ खर्ब ५२ अर्ब ५३ करोड रुपैयाँ पुगेको छ। नेपाल राष्ट्र बैंकका अनुसार यो विदेशी विनिमय सञ्चितिले विगत दुई महीनाको आयात परिमाणका आधारमा १३ दशमलव सात महीनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त छ । अर्थतन्त्रका लागि सात महीनाका लागि वस्तु तथा सेवा खरीद गर्न पुग्ने सञ्चितिलाई स्वस्थ सञ्चिति मानिएको छ। नेपाल राष्ट्र बैंकले यो नीति लिएको छ । कोरोना महामारीलगत्तै सञ्चिति घटेको भन्दै व्यापार नियन्त्रणको नीति लिएको राष्ट्र बैंकले सञ्चिति बढ्न थालेपछि आयातमाथिको नियन्त्रण हटाए पनि व्यापारमा सुधार आउन सकेको छैन। परिणामस्वरूप सञ्चिति थुप्रिएको थुप्रिएकै छ ।

केही समय मौद्रिक नीतिलाई कसिलो बनाएको केन्द्रीय बैंकले अर्थतन्त्रलाई गति दिन भन्दै यो वर्ष खुकुलो मौद्रिक नीति ल्यायो । त्यसले पनि अर्थतन्त्रलाई खासै चलायमान बनाउन सकेन। शेयर बजारमा केही दिन उछाल देखिए पनि लगानीकर्ताको मनोबल उस्तै उच्च रहन सकेन । मूल समस्या सरकारले लगानीकर्ताको मनोबल उचाल्ने काम गर्न सकेको छैन। भ्रष्टाचार, कमिशनको बिगबिगीले आम लगानीकर्ता निरुत्साहित छन् भने दुई नम्बरी कारोबारले बढावा पाएको छ। वैध काम गर्नेहरूले दण्डित हुने, तर अवैध आर्जनमा रमाउनेहरू पुरस्कृत हुने अवस्था छ ।

चालू वर्षको भदौ मसान्तमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ३७ दशमलव ७ प्रतिशत छ । कुल आयातसँग यसको अनुपात ११४ दशमलव चार प्रतिशत छ। सञ्चितिको यो आकार निकै बढी हो । सञ्चिति बढी हुनु पनि अर्थतन्त्रका लागि सहज सङ्केत होइन। सञ्चिति आवश्यकताभन्दा बढी थुप्रिनु भनेका उत्पादन, आयात र उपभोग अपेक्षितरूपमा नहुनुको सङ्केत पनि हो । बैंकमा निक्षेप बढेर बैंकहरू ब्याजदर घटाउन लागेका छन्। यसको असर कर्जा लिनेहरूलाई सकारात्मक परे पनि बचतकर्ताहरूको रकम भने अवमूल्यन हुन जान्छ ।

कर्जा विस्तारमा झिनो सुधार आए पनि यो लक्षित तहको तुलनामा निकै कम छ । निक्षेप वृद्धिदर १३ दशमलव आठ प्रतिशत हुँदा कर्जाको वृद्धिदर छ दशमलव छ प्रतिशत मात्रै छ। बजारमा माग नहुँदा नयाँ योजनामा कर्जा गइराखेको छैन । बैंकहरूले घरकर्जा र शेयरमा कर्जा केन्द्रित गरिरहेका समाचार सञ्चारमाध्यममा आइराखेका छन् । यसले अर्थतन्त्रका केही क्षेत्रलाई चलायमान बनाउन मदत पुग्न सक्छ । तर अर्थतन्त्रको स्वच्छ बढोत्तरीका लागि सबै सरोकारबीच सन्तुलनको खाँचो खटकिएको छ। बचतमा दिइने ब्याज र मूल्यवृद्धिबीच सामञ्जस्य भएन भने बचत अवमूल्यन हुन्छ। तथ्याङ्कले जे भने पनि अहिले दैनिक उपभोग्य वस्तुमा मूल्यस्फीति बढी छ। वस्तुको मूल्य बढ्ने, तर ब्याज घटेर बचतको मूल्य कम हुँदै जाने हो । त्यो अर्थतन्त्रका लागि सङ्कटको अर्को घण्टी हुन सक्छ । सबै सरोकारहरूको सन्तुलित परिचालन मात्र स्वस्थ अर्थतन्त्रको सूचक मान्न सकिन्छ।

# कर्कश हुन्छ कुण्ठाको भोगाइ

**कुण्ठाबाट जोगिनका लागि व्यक्तिले आफ्नो लक्ष्य, आफ्ना योग्यताको सीमाभित्रै निर्धारित गर्नुपर्छ । व्यापक दृष्टिकोण अँगाल्दै समाजको प्रत्येक व्यक्तिमाथि दृष्टिपात गर्ने हो भने हामी पाउँछौं कि पूर्णतया सन्तुष्ट कोही पनि छैन ।**

कुण्ठा निराशाजन्य अतृप्त भावना हो । यो विफलताका कारण हुने घोर निराशा हो। कुण्ठा त्यो शर्म वा सङ्कोच हो, जसले व्यक्तिलाई अगाडि बढ्न बाधा पुर्‍याउँछ । यो विषादकै अन्य रूप हो । यसलाई हताशा पनि भन्छन् । वर्तमान भौतिकवादी समाजमा जीवन अस्तित्वको सङ्घर्ष बढिरहेको छ ।

आधुनिक प्रौद्योगिकी सञ्चार क्रान्तिले समाजको गतिलाई तीव्र मात्र पारिदिएको छैन, वरन् समाजको पुरानो संरचनालाई पनि प्रभावित गरेको छ । पुराना स्थापित मूल्य निकै तीव्र गतिले बदलिरहेका छन् । जीवनको भागदौड एवं भौतिक सुविधाहरूको चाहनाले मानिसभित्र अनेकथरीका कुण्ठाहरूलाई जन्म दिएको छ ।

कुण्ठा अर्थात् 'फ्रस्ट्रेशन' जुन जीवनमा सबैका लागि एउटा चिरपरिचित भावना हो। हामी सबै कहिले न कहिले यसको अनुभूति गर्दछौं। आजको समाजमा यो अब अझ तीव्र गतिले विस्तार भइरहेको छ ।

मनोवैज्ञानिकरूपले यसलाई प्रेरणायुक्त व्यवहारबाट प्राप्त हुने सन्तुष्टि, कठिन वा असम्भव भएपछि, उत्पन्न हुने भावना भन्न सकिन्छ। यदि व्यक्तिले केही पाउन चाहन्छ र त्यो प्राप्त गर्दछ भने सन्तुष्टि अनुभव गर्छ, तर कुनै वस्तु प्राप्त गर्ने प्रयास गर्दा फल प्राप्तिमा आउने बाधा वा असफलताले उसमा कुण्ठा जन्माइदिन्छ ।

यसो त प्रत्येक व्यक्ति आफ्नो समस्या समाधान गर्ने प्रयास गर्दछ, तर हामीमध्ये शायद नै कोही यस्तो होला, जसले यी समस्याहरूलाई समग्ररूपमा वा पूर्ण सन्तुष्टिका साथ समाधान गर्न सकोस् ।

बढी सफल व्यक्तिको मनमा कुण्ठाको भावना उत्पन्न नै हुँदैन भन्ने कुरा होइन, अपितु उनीहरू जब कुण्ठा उत्पन्न गर्ने स्थितिहरूको सामना गर्दछन्–त्यसलाई सरलताले पार गर्दछन् ।

प्रसिद्ध मनोवैज्ञानिक फ्रायडको के विचार छ भने कुण्ठा त्यस बेला जन्मन्छ, जब मानिसको सुखप्राप्तिको व्यवहार वा दु:ख हटाउने व्यवहारमा बाधा उत्पन्न हुन्छ । प्रायः मानिस कुण्ठा उत्पन्न गर्ने दशाबाट जोगिन प्रतिगमनात्मक प्रतिक्रियाको सहारा लिएर वास्तविक स्थितिबाट पलायन गर्न पुग्दछ। कुण्ठाका कारण मानिस आक्रामक व्यवहार पनि गर्न थाल्दछ ।

कुण्ठाको मात्राको यदि लैङ्गिक आधारमा विभाजन गर्ने हो भने यो पुरुषमा स्त्रीहरूको तुलनामा बढी पाइन्छ, तर यसको कारण जन्मजात हुँदैन। हाम्रो सामाजिक संरचना पुरुष प्रधान भएकोले चुनौतीपूर्ण एवं कठिन कामको सामना गर्नुपर्ने हुनाले पुरुषहरूमा यस्तो भाव पाइन्छ । जहाँ महिलाहरू पुरुषहरूजस्तै समान स्तरको क्रियाकलापहरूमा संलग्न छन्, उनीहरू पनि यस मामिलामा पुरुषहरूजस्तै कुण्ठाको सामना गर्दछन् ।

कुनै व्यक्तिमा कति मात्रामा कुण्ठा उत्पन्न हुन्छ, यसको निर्धारण दुईवटा कुराले गर्दछ–पहिलो त्यस व्यक्तिविशेषमा प्रेरणाको मात्रा, दोस्रो निर्धारित लक्ष्यको दूरी ।

यदि व्यक्तिमा प्रेरणाको अभाव छ भने इच्छित लक्ष्यको प्राप्तिमा असफलता नै हात पर्छ; जबकि व्यक्ति, प्रेरणाको कमीमा ध्यान नदिएर लक्ष्यप्राप्ति नहुँदा कि त बाह्य दण्डात्मक प्रतिक्रिया अर्थात् परिस्थिति वा अन्य व्यक्तिमाथि दोषारोपण गर्छ वा अन्तःदण्डात्मक प्रतिक्रिया अँगालेर स्वयंलाई अयोग्य ठान्न थाल्छ ।

निर्धारित लक्ष्यको दूरीले सफलता प्राप्त हुन्जेल धैर्यको माग गर्दछ । यस सफलतासम्म पुग्न व्यय हुने समय र श्रम जबसम्म फलीभूत हुँदैन, व्यक्ति कुण्ठाको घेरामा स्थायी वा अस्थायीरूपले अल्झिरहन सक्छ ।

कुण्ठा उत्पन्न गर्ने वा बढ्ने जिम्मेदार कारकहरूमा सर्वप्रमुख छन्–प्रतिस्पर्धा, उच्च आकाङ्क्षा स्तर, सामाजिक–पारिवारिक सम्बन्धमा तनाव, सामाजिक–आर्थिक स्तर, समाज एवं कार्यको वातावरण र शैक्षिक स्तर। केही विशेष मामिलामा जन्मजात अयोग्यता, शारीरिक सौन्दर्यमा कमी पनि कुण्ठा जन्माउने कारण बन्न सक्दछ।

शहरी र ग्रामीण जीवनमा भिन्नता हुन्छ । ग्रामीण पृष्ठभूमिको व्यक्ति जब शहरतिर पलायन गर्दछ, त्यहाँको वातावरणमा घुलमिल हुन नसकेर, प्रारम्भमा कुण्ठा अनुभव गर्न सक्दछ, तर त्यही व्यक्ति नगरीय जीवनको अभ्यस्त हुनेबित्तिकै यस कुण्ठाबाट मुक्त हुन्छ। यसले कुण्ठा उत्पन्न हुनुमा बाह्य वातावरणको महत्त्वलाई दर्शाउँछ ।

सामाजिक बन्धन यदि व्यक्तिको इच्छापूर्तिमा बाधक बन्दछ भने पनि कुण्ठा जन्माउँछ । कुण्ठा उत्पत्तिको सर्वाधिक महत्त्वपूर्ण कारण मानसिक अन्तर्द्वन्द्व हो। मानसिक अन्तर्द्वन्द्व निम्न प्रकारको हुन्छ–

ग्राह्य–त्याज्य अन्तर्द्वन्द्व– यदि व्यक्ति कुनै आवश्यकता पूर्ति गर्न चाहन्छ साथै त्यसबाट उत्पन्न हुने परिणामबाट जोगिन पनि चाहन्छ, जस्तै–बेइमानीबाट कमाएको धन। धनप्राप्तिबाट आवश्यकताको पूर्ति त हुन्छ, तर व्यक्ति नैतिकता पतनका कारण धनप्राप्तिको त्यस तरीकाबाट जोगिन पनि चाहन्छ ।

ग्राह्य–ग्राह्य अन्तर्द्वन्द्व– यदि व्यक्ति दुईवटा आवश्यकता पूर्ति गर्न चाहन्छ, तर उसको परिस्थिति दुवैको पूर्तिमा सफल हुँदैन, जस्तै–कुनै युवकलाई नोकरीको लागि अर्को शहर जानुपर्नेछ, साथै आफ्ना वृद्ध मातापिताको हेरचाहका लागि घरमैं बस्नुपर्ने बाध्यता आइपर्छ भने यस्तो अवस्थामा पनि कुण्ठा उत्पन्न हुन्छ ।

त्याज्य–त्याज्य अन्तर्द्वन्द्व– यो दशा जसमा व्यक्ति एउटै अवस्थाको दुई भिन्न प्रतिक्रियाहरूबाट जोगिन चाहन्छ। जस्तै कुनै व्यक्तिको कसैसँग झगडा हुने अवस्था छ, झगडा नगरोस् त अपमानित हुनुपर्छ, सामाजिक निन्दा सहनुपर्छ तथा यदि झगडा गरोस् भने शत्रुता हुन्छ। यी दुवै अवस्थाबाट जोगिने मानसिक द्वन्द्वात्मक स्थितिले अन्ततः कुण्ठालाई नै जन्म दिन्छ।

कुण्ठाबाट जोगिनु व्यक्ति एवं समाजको मानसिक स्वास्थ्यका लागि अति आवश्यक छ; किनकि कुण्ठित व्यक्तिले आफ्नो साथसाथै समाजको पनि अहित गर्दछ । यदि उसले यस्तो गर्दैन भने पनि समाजले त एउटा मानव एकाइको मानसिक क्षमताको योगदानबाट हात धुनैपर्छ ।

कुण्ठाबाट जोगिनका लागि व्यक्तिले आफ्नो लक्ष्य, आफ्ना योग्यताको सीमाभित्रै निर्धारित गर्नुपर्छ । व्यापक दृष्टिकोण अँगाल्दै समाजको प्रत्येक व्यक्तिमाथि दृष्टिपात गर्ने हो भने हामी पाउँछौं कि पूर्णतया सन्तुष्ट कोही पनि छैन ।

# नेत्रहीन क्रिकेट विश्वकपमा नेपालको सहभागिता

विचार



राजु सिलवाल

**नेत्रहीन महिलाहरूको क्रिकेटको सुरुआत नेपालले नै गरेको थियो । बेलायतमा समेत नेपाली प्रशिक्षककै सहयोगमा नेत्रहीन महिला क्रिकेट शुरू गरिएको थियो । सन् २००९ मैं नेपाली महिला टीमले काठमाडौंमा आयोजित मैत्रीपूर्ण खेलमा बेलायतलाई पराजित गरेको थियो ।**

पुरुष तथा महिलाहरूको क्रिकेटमा आफ्नो बेग्लै पहिचान बनाउन सफल नेपालले नेत्रहीनहरूको क्रिकेटमा पनि सशक्त उपस्थिति जनाउँदै आइरहेको छ। आगामी मङ्सिर ७ देखि १८ गतेसम्म पाकिस्तानमा आयोजना हुने चौथो टी–ट्वान्टी नेत्रहीन विश्वकप क्रिकेट प्रतियोगिताका लागि नेपालले तयारी गरिरहेको छ । पुरुषहरूको उक्त विश्वकपमा नेपालबाट प्रतिनिधित्व गर्ने खेलाडीहरूको अन्तिम छनोट यही कात्तिक ४ र ५ गते काठमाडौंमा हुने भएको छ। छनोट भएका खेलाडीहरूलाई आगामी तिहारपछि बन्द प्रशिक्षणमा राखिने जानकारी नेत्रहीन क्रिकेट सङ्घ नेपालका अध्यक्ष पवन घिमिरेले दिएका छन् । यस अघि गत असारमा पहिलो चरणको छनोट अन्तर्गत १९ जना खेलाडी छनोट गरिएको थियो । तत्कालीन माओवादी द्वन्द्वका बेला २०६० सालमा आँखाको ज्योति गुमाउन पुगेका नेपाली सेनाका प्रमुख सेनानी घिमिरेकै सक्रियतामा नेपालमा २०६३ सालमा नेत्रहीनहरूको क्रिकेटको सुरुआत भएको थियो ।

उनले नेत्रहीन क्रिकेट खेलाडी, कप्तान, प्रशिक्षक, अम्पायर तथा नेत्रहीन क्रिकेट सङ्घ नेपालको अध्यक्षसमेतको भूमिका निर्वाह गरेर नेत्रहीन क्रिकेटलाई स्थापित गर्न योगदान दिएका छन्। नेत्रहीन क्रिकेटका पाकिस्तानी प्रशिक्षकले काठमाडौंको कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा ३३ जनालाई प्रशिक्षण दिएर नेपालमा नेत्रहीनको क्रिकेटको सुरुआत गरेका थिए। अहिले नेपालमा स्थानीयस्तरदेखि अन्तर्राष्ट्रिय तहसम्मकै प्रशिक्षकहरू कार्यरत रहेका छन्। यो खेल विभिन्न जिल्लामा विस्तार हुने क्रम जारी रहेको छ । विभिन्न जिल्लामा रहेका दृष्टिविहीनहरूलाई प्रोत्साहनका लागि विभिन्न तहको प्रतियोगिता आयोजना गर्ने गरिएको छ । राष्ट्रिय खेलकूद परिषद्ले आयोजना गर्ने गरेको पारा तथा विशेष खेलकूदमा नेत्रहीन क्रिकेटलाई पनि प्रतियोगिताको रूपमा समावेश गर्ने गरिएको छ ।

नेत्रहीनहरूको क्रिकेटमा विश्वका विभिन्न ११ देशको सहभागिता रहेकामा नेपालको हालको स्थान छैटौं, सातौं हुनु मुलुकका लागि उपलब्धिमूलक नै मान्नुपर्छ। यीबाहेक अन्य देशका स्कूल, कलेजहरूमा पनि नेत्रहीन क्रिकेट खेल्ने गरिएको छ । तर यसको संस्थागत विकास भने हुन सकेको छैन । नेपाली नेत्रहीन क्रिकेट टीमले सन् २००८ मा पाकिस्तानसँग मैत्रीपूर्ण खेल खेलेर आफ्नो अन्तर्राष्ट्रिय सहभागिताको सुरुआत गरेको थियो । त्यतिखेरै नेपाली टीमले पाकिस्तानमा नौवटा मैत्रीपूर्ण खेल खेलेको थियो ।

नेपालले सन् २०१२ मा भारतको बेङ्गलोरमा भएको नेत्रहीनहरूको विश्वकपमा भाग लिएर विश्वकपमा सहभागिता प्रारम्भ गरेको थियो। त्यस बखत नेपालले पहिलोपटक बङ्गलादेशको टीमलाई पराजित गर्न सफल भएको थियो। भारतको केरलामा सन् २०१६ मा भएको एशियाली नेत्रहीन क्रिकेट प्रतियोगितामा पनि नेपालले आफ्नो सहभागिता जनाएको थियो। यस अघि सन् २०२१ मा भारतमा आयोजना भएको तेस्रो टी–ट्वान्टी विश्वकपमा कोरोनाले आक्रान्त पारेको अवस्थामा पनि नेपालले भाग लिएको थियो। त्यतिखेर भारतले उपाधि जितेको थियो ।

**नेपालबाटै महिला क्रिकेट शुरू**

यहाँ उल्लेखनीय पक्ष के छ भने धेरै सङ्ख्यामा दृष्टिविहीन महिलाहरूलाई क्रिकेटमा समाहित गर्ने मुलुकमा नेपाल अग्रपङ्क्तिमा पर्छ। नेत्रहीन महिलाहरूको क्रिकेटको सुरुआत नेपालले नै गरेको थियो । बेलायतमा समेत नेपाली प्रशिक्षककै सहयोगमा नेत्रहीन महिला क्रिकेट शुरू गरिएको थियो। सन् २००९ मैं नेपाली महिला टीमले काठमाडौंमा आयोजित मैत्रीपूर्ण खेलमा बेलायतलाई पराजित गरेको थियो। त्यतिखेर नेपाल सरकारले महिला टीमलाई राष्ट्रिय

(बाँकी तेस्रो पातामा)


सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# सिनवारको मृत्यु भएपनि हमास जीवित रहेको खमेनीको घोषणा

तेहरान, ३ कात्तिक/एएफपी

इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीले गाजामा भएको इजरायली सैन्य कारबाईमा हमासका नेता याहया सिनवारको मृत्यु भए पनि हमास जीवित रहेको शनिवार घोषण गरेका छन्।



सिनवारको मृत्यु पीडादायी भए तापनि सिनवारको बलिदानसँगै हमासको अन्त्य नहुने खामेनीले बताएका छन्। उनले विज्ञप्ति जारी गर्दै प्यालेस्टिनी इस्लामवादी आन्दोलन र हमास अझै जीवित रहने जनाएका हुन्।

खमेनीले सिनवारबारे उल्लेख गर्दै भने–“सिनवार ‘प्रतिरोध र सङ्घर्षको चम्किलो व्यक्तित्व हुन्, जो क्रूर र आक्रामक शत्रुविरुद्ध अटुट दृढ सङ्कल्पका साथ उभिन्थे।” सन् २०२३ अक्टोबर–७ को आक्रमणको मुख्य नाइकेको रूपमा सिनवारलाई चित्रित गर्दै सिनवारको मृत्युले युद्ध भड्किएको भए पनि निरन्तर अघि बढ्ने बताएका छन्।

उनले सन् २०२३ अक्टोबर–७ देखि शुरू भएको युद्धमा सिनवार यस क्षेत्रको इतिहासमा उच्च विरासतका साथ उल्लेख्य योगदान गरी सम्मान र गर्वका साथ शहीद भएको बताएका छन्।

इरानले आफ्नो कट्टर शत्रु इजरायललाई मान्यता नदिने बताउँदै सन् १९७९ को इस्लामिक क्रान्तिपछि प्यालेस्टिनी उद्देश्यका लागि आफ्नो समर्थनलाई आफ्नो विदेश नीतिको आधार बनाएकोसमेत उनले उल्लेख गरेका छन्।

लामो समयदेखि छायामा रहेका सिनवारले गत जुलाईमा इरानी राजधानी तेहरानमा हमासका नेता इस्माइल हानियाहको हत्यापछि हमासको प्रमुखको पदभार ग्रहण गरेको स्रोतले जनाएको छ।

इरानले सिनवारको हत्याको दोष इजरायललाई लगाइएको छ यद्यपि इजरायलले भने हालसम्म घटनाको जिम्मेवारी लिएको छैन। रासस

# हवाई आक्रमणमा कम्तीमा ३३ प्यालेस्टिनीको मृत्यु

गाजा, ३ कात्तिक/सिन्ह्वा

उत्तरी गाजापट्टीको जबलिया शिविरमा शुक्रवार साँझ इजरायली हवाई आक्रमणमा कम्तीमा ३३ जना प्यालेस्टिनीको मृत्यु भएको छ।

मृत्यु हुनेमा २१ जना महिलासमेत रहेका छन्। बम विस्फोटमा ८५ जनाभन्दा बढी घाइते भएका र केहीलाई गम्भीर चोट लागेको सञ्चारमाध्यमले जनाएको छ।

इजरायली सेनाले जबलिया शिविरका धेरै घरमा बमबारी गरेको बताइएको छ। इजरायली सेनाले यस घटनाबारे हालसम्म कुनै प्रतिक्रिया दिएको छैन्।

सन् २०२३ अक्टोबर ७ इजरायलले दक्षिणी इजरायली सीमाबाट हमासको घुसपैठको बदला लिन गाजापट्टीमा हमास विरुद्ध ठूलो आक्रमण शुरू गर्‍यो जसमा लगभग १२०० मानिस मारिए र लगभग २५० जनालाई बन्धक बनाइयो।

गाजापट्टीमा जारी इजरायली हमलाबाट मृत्यु हुने प्यालेस्टिनीको सङ्ख्या ४२ हजार ५०० पुगेको छ। रासस

# नेतन्याहूको निवासलाई निशाना बनाइ ड्रोन हमला

तेल अभिभ, ३ कात्तिक/एएनआई

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूको निजी निवासलाई निशाना बनाइ शनिवार लेबनानबाट ड्रोन हमलामा भएको इजरायलको प्रधानमन्त्रीको कार्यालयले एक विज्ञप्तिमार्फत जनाएको छ।

विज्ञप्तिमा नेतन्याहू र उनकी पत्नी सारा हमलाको समयमा घरमा नभएको तथा घटनामा कुनै चोटपटकको रिपोर्ट नभएको उल्लेख गरिएको छ।

टाइम्स अफ इजरायलको रिपोर्ट अनुसार शनिवार बिहान लेबनानबाट उडाइएका अन्य दुईवटा ड्रोन इजरायलको हवाई सुरक्षाद्वारा खसालिएका थिए।



इजरायल र हमासबीच चलिरहेको द्वन्द्वको बीचमा इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले शुक्रवार गाजाका जनतालाई सम्बोधन गर्दै भने, “यदि हमासले हतियार छोड्न र बन्धकहरूलाई फिर्ता गर्न सहमत भएमा युद्ध भोलि समाप्त हुन सक्छ।”

इजरायलले हमास प्रमुख र अक्टोबर ७ मा भएको आक्रमणका मास्टरमाइन्ड याह्या सिनवारको हत्या भएको पुष्टि गरेको केही घण्टापछि उनले यस्तो टिप्पणी गरेका हुन्। इजरायली रक्षा बलले बिहीवार सिनवार र अन्य दुई आतङ्ककारी इजरायलले मारेको खुलासा गरेको छ।

नेतन्याहूले हमासले हाल गाजामा १०१ जनालाई बन्धक बनाएको खुलासा गरेका छन्, जसमा इजरायलसहित २३ देशका नागरिकहरू छन्।

## आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | धनखति | वृष | भाग्योदय |
| मिथुन | बेचैनी | कर्कट | मनोरञ्जन |
| सिंह | सफलता | कन्या | राज्यभय |
| तुला | रोगभय | वृश्चिक | यात्रालाभ |
| धनु | कडाश्रम | मकर | चोरभय |
| कुम्भ | उदरपीडा | मीन | विजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया



**मकै र खुर्सानीको जोहो:** मकवानपुरको थाहा नगरपालिका–१ स्थित कुन्छाल गाउँमा घरको भित्तामा भण्डारण गरेर राखिएको मकै र खुर्सानी। तस्बिर: हरिराम भेटुवाल/रासस

# बागमती मनुष्मारा झाँझ सिंचाइ प्रणालीमा रु दुई करोडको क्षति

जनकपुरधाम, ३ कात्तिक/रासस

गत असोज ११, १२ र १३ गतेको अविरल वर्षासँगै आएको बाढीले बागमती मनुष्मारा झाँझ सिंचाइ कार्यालय अन्तर्गत करीब रु दुई करोड बराबरको भौतिक क्षति भएको छ। साथै सिंचाइ प्रणालीमा पुर्‍याएको क्षतिका कारण सिंचाइको कार्यमा समस्या उत्पन्न भएको कार्यालय प्रमुख रामदुलारी शरण भगतले जानकारी दिइन्।



तस्वीर: सौजन्य

बाढीले सो कार्यालय अन्र्तगत झाँझ सिंचाइ प्रणालीमा रहेका मूल नहर र शाखा नहरको (बैंक) डिल र तटबन्ध कटान गरेको, विभिन्न स्थानमा नहर तोडफोड गरेको र नहरको गेट तथा हेडवर्क्समा क्षति पुर्‍याएको बताइएको छ। झाँझ नदीमा एक्कासि आएको बाढीले रौतहट जिल्लामा रहेको झाँझ सिंचाइ प्रणालीमा करीब दुई करोड मूल्य बराबरको भौतिकरूपमा क्षति पुगेको कार्यालयको प्रारम्भिक अनुमान छ।

रौटहटको महम्मदपुर, शिवनगर, भेडियाही, देवाहीगोनाही तथा जयनगरलगायत ग्रामीण क्षेत्रमा बाढीले ठाउँठाउँमा झाँझ सिाचाइ प्रणालीको संरचना भत्काएको थियो।

झाँझ सिंचाइ प्रणालीबाट चार हजार हेक्टर जमीनमा सिंचाइ सुविधा पुर्‍याउँदै आएको सो कार्यालयको सिंचाइ प्रणालीमा भएको क्षतिका सम्बन्धमा अनुगमन तथा निरीक्षण गरी सो क्षतिबारे जानकारी दिएको हो।

उक्त क्षतिग्रस्त संरचनाको मर्मत सम्भार तथा निर्माणमा ठूलो रकम लाग्ने उनले बताए। समयमा मरम्मत नगरेमा त्यहाँ आउँदो हिउँदे बालीमा नहर सञ्चालन गर्न नसक्ने अवस्था रहेको प्रमुख भगतले बताइन्।

उक्त कार्यालय अन्तर्गत सिंचाइ आयोजनाको निर्माण २०३९/४० बाट शुरू भई २०४४/४५ बाट कार्यान्वयनमा आएको बताइएको छ। कार्यालय अन्तर्गत सर्लाहीतर्फ हीरापुर ब्यारेज मनुष्मारा सिंचाइ प्रणाली प्रथमबाट दुई हजार आठ सय हेक्टर तथा मानपुर ब्यारेज मनुष्मारा सिंचाइ प्रणाली दोस्रोबाट तीन हजार दुई सय हेक्टर गरी छ हजार हेक्टर जमीनमा सिंचाइ सुविधा पुर्‍याउँदै आएको प्राप्त विवरणमा उल्लेख गरिएको छ।

रौतहटतर्फ झाँझ सिंचाइ प्रणालीबाट चार हजार हेक्टर जमीनमा सिंचाइ सुविधा पुर्‍याइएको छ। अर्थात् सर्लाही तथा रौतहटमा गरी कुल १० हजार हेक्टर जमीनमा सो कार्यालयबाट सिंचाइ सुविधा पुर्‍याउँदै आएको कार्यालयले जनाएको छ।

सो आयोजनाबाट हाल ६० हजार मेट्रिकटनभन्दा बढी खाद्यान्न उत्पादन शुरू भएको कार्यालय प्रमुख भगतले जानकारी दिइन्। चालू आर्थिक वर्षमा सो कार्यालयको पूँजीगत खर्च रु छ करोड तथा चालूगत खर्च रु एक करोड ११ लाख रहेको छ।

**नेत्रहीन ...**

सम्मान प्रदान गरेको थियो। अब सन् २०२५ मा भारतमा आयोजना हुने नेत्रहीन महिलाहरूको विश्वकपमा नेपालको पनि सहभागिता रहने लक्ष्य राखिएको छ।

**मैदानको अभाव**

शारीरिकरूपले सक्षम क्रिकेट खेलाडीहरूको लागि नेपालका विभिन्न स्थानमा क्रिकेट मैदान उपलब्ध भएपनि नेत्रहीन खेलाडीहरूका लागि क्रिकेट मैदानको व्यवस्था हुन सकेको छैन। चाहे अभ्यास गर्दा होस् अथवा कुनै प्रतियोगिता आयोजना गर्नुपर्दा मैदानका लागि नेपाल क्रिकेट सङ्घलगायतलाई गुहार्नुपर्ने अवस्था आउने गरेको छ। त्रिभुवन विश्वविद्यालय कीर्तिपुरस्थित क्रिकेट मैदान नेपाल क्रिकेट सङ्घले प्रयोग गरिरहेको छ। सोही सङ्घले प्रयोग गर्ने गरेको मूलपानी क्रिकेट मैदानका लागि पनि सरकारले लगानी गरेको छ। त्यस्ता मैदान नेत्रहीनहरूलाई पनि सहजरूपमा उपलब्ध गराउने व्यवस्था गर्न सम्बन्धित निकायले प्राथमिकता दिनुपर्छ।

राष्ट्रिय खेलकूद परिषद्को स्वामित्वमा नेपालभर हजारौं रोपनी जमीन रहेका छन्। कैयौं जमीन अतिक्रमणमा परिसकेका छन्। नेत्रहीन क्रिकेट खेलाडीहरूका लागि छुट्टै क्रिकेट मैदानका लागि सरकारले बजेट विनियोजन गर्नुपर्छ भनेर पटकपटक आवाज उठ्ने गरेको पनि छ। नेत्रहीन क्रिकेट सङ्घ नेपालका पदाधिकारीहरूले नेत्रहीन क्रिकेट र अपाङ्गता खेलकूदका बारेमा बेलाबखत सरकारको ध्यानाकर्षण गर्दै आइरहेका छन्। पछिल्लोपटक युवा तथा खेलकूद मन्त्री तेजुलाल चौधरीसँग सङ्घका पदाधिकारीहरूले छलफल गरेका थिए।

**दृष्टिविहीनहरूले कसरी खेल्छन् ?**

दृष्ट्रिविहिन क्रिकेट खेलाडीहरूले आवाजको प्रयोग गरेर क्रिकेट खेल्ने गर्छन्। नेत्रहीनहरूले क्रिकेट खेल्दा प्रयोग गर्ने हार्ड प्लास्टिकको बलभित्र रहेका साइकलका बल बेरिङको माध्यमबाट बल बज्ने गर्छ। त्यही आवाज सुनेको आधारमा आवाजलाई पछ्याउँदै ब्याटिङ गर्नेले ब्याटिङ गर्छ भने बलिङ र फिल्डिङ गर्नेले पनि त्यसैलाई पछ्याएर क्रिकेट खेल्ने गरेका छन्।

**सबै नेत्रहीन खेलाडीले देख्छन् कि देख्दैनन् ?**

दृष्ट्रिविहीन क्रिकेट खेल्ने सबै खेलाडी पूर्ण दृष्ट्रिविहीन हुँदैनन्। वर्ल्ड ब्लाइन्ड युनियनले मान्यता दिएको वैधानिक दृष्ट्रिविहीन अन्तर्गत क्रिकेटमा तीन प्रकारका खेलाडीहरूले खेल्ने गर्छन्। जस्तै बी वान जसले पूर्णरूपमा देख्दैन। बी टु जसले पाँच मिटरसम्म कुनै वस्तु हल्लिएको अनुभव गर्ने तर नदेख्ने तथा ठम्याउन नसक्ने, बी थ्री क्याटगोरीमा २० मिटर दूरीसम्म कुनै वस्तु हल्लिएको तथा चलिरहेको अनुभव गर्छन्। एउटा टीममा चारजना बी वान, तीनजना बी टु तथा चारजना बी थ्री क्षमता भएका खेलाडीलाई खेलाउने गरिन्छ। पूर्ण दृष्टिविहीन तथा कम देख्ने क्षमताका खेलाडीहरूको समग्रता नेत्रहीन क्रिकेट मानिएको छ।

सन् १९२२ मा अस्ट्रेलियाबाट नेत्रहीनहरूको क्रिकेटको सुरुआत भएको थियो। तर १०० वर्ष पुगिसकेको अवस्थामा पनि विश्वमा यो खेललाई अझ व्यापक बनाउन सकिएको छैन। नेपाली नेत्रहीन खेलाडीहरूले अन्तर्राष्ट्रिय पहिचान बनाइसकेको अवस्थामा महत्त्वपूर्ण पदकहरू भित्र्याएर मुलुकको छवि अझ उच्च बनाउन नेत्रहीन क्रिकेट पनि महत्त्वपूर्ण माध्यम बन्न सक्छ। तर यसका लागि शारीरिकरूपमा सक्षम क्रिकेट खेलाडीहरूलाई नेत्रहीन क्रिकेट खेलाडीहरूलाई यथोचित सुविधा, यस खेलका लागि सरकारको उच्च प्राथमिकता तथा यथोचित लगानी भने अत्यावश्यक भइसकेको महसुस गरिएको छ।

(लेखक खेलकूद पत्रकारिताका जानकार हुन्। रासस)

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# नारायणी अस्पतालमा निश्शुल्क भोजन



प्रस, वीरगंज, ३ कात्तिक/

वीरगंज समाज सेवाको आयोजनामा शनिवार नारायणी अस्पतालका बिरामी, कुरुवा र गरीब दीन–दुःखीहरूलाई निश्शुल्क भोजन गराइएको छ।

समाजका सदस्य अभिलाष गुप्ताले करीब पाँच सयजनालाई निश्शुल्क भोजन गराइएको बताए। उनले साप्ताहिकरूपमा शनिवार निश्शुल्क भोजन गराउँदै आएको र आजसमेत गरी २६ साता भएको बताए। अस्पतालमा रहेका बिरामी, कुरुवाहरूसँगै गरीब दीन–दुःखीलाई लक्षित गरेर प्रत्येक साता पाँच सयजनालाई भोजन गराउने समाजको उद्देश्य रहेको उनले बताए।

कार्यक्रममा अध्यक्ष अशोक गुप्ता, उपाध्यक्ष मनोज रौनियार, सचिव प्रकाश बाहेती, कोषाध्यक्ष विनोद सर्राफलगायत सदस्यहरूले सहयोगी भूमिका निर्वाह गर्दै आएको सदस्य गुप्ताले बताए।

# ‘ट्रायल पास’ गरेपछि ‘लाइसेन्स कार्ड’ आवश्यक पर्दैन –प्रम ओली

काठमाडौं, ३ कात्तिक/रासस

प्रधानमन्त्री केपी शर्मा ओलीले सवारी चालक अनुमतिका लागि ‘ट्रायल पास’ गरेपछि ‘लाइसेन्स कार्ड’ आवश्यक नपर्ने व्यवस्था गरिएको बताएका छन्।





सामाजिक सञ्जालमा शनिवार उनले पोस्ट गरेको सामग्रीमा नागरिक एपमार्फत सम्बन्धित व्यक्तिको मोबाइलमा लाइसेन्स उपलब्ध हुने उल्लेख गरेका छन्।

“यसले सवारी लाइसेन्स छपाइ नहुँदा परेको समस्या अन्त्य भएको छ। कात्तिक ४ गते आइतवारदेखि बाग्मती प्रदेश यातायात व्यवस्था कार्यालयबाट परीक्षणका रूपमा यो व्यवस्था शुरु हुनेछ,” सामाजिक सञ्जालबाट सार्वजनिक गरेको सन्देशमा प्रधानमन्त्री ओलीले भनेका छन्।

नागरिक एपमा अरू सेवा पनि थप्ने तयारी सरकारले गरेको छ। कुनै पनि कामका लागि लाममा बस्नुपर्ने समस्याबाट मुक्त गर्ने तयारीमा सरकार लागेको उनले बताए। नागरिकलाई छिटो सेवाप्रवाहमा यसबाट सहयोग पुग्ने आशा गरिएको प्रधानमन्त्री ओलीको भनाइ छ।

ट्राफिक प्रहरीले कागजी चिट नकाट्ने, नागरिक एपबाटै जरिवाना तिर्न सकिने

ट्राफिक नियम उल्लङ्घन गरेबापत सवारी चालकले ठाउँका ठाउँ नागरिक एपमार्फत जरिवाना तिर्न सक्ने व्यवस्था गरिएको छ। काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले आइतवारदेखि सवारी नियम उल्लङ्घन गर्ने चालकलाई ‘ई–चलान’ (डिजिटल चिट) दिने र तत्कालै नागरिक एपमार्फत जरिवाना तिर्न सक्ने प्रणाली कार्यान्वयनमा ल्याउन लागेको प्रमुख प्रहरी नायब महानिरीक्षक भरतबहादुर बोहराले जानकारी दिए।

सवारी नियम उल्लङ्घनमा ट्राफिक प्रहरीले चिट काट्दा सम्बन्धित ठाउँमैं ‘डिजिटल पेमेन्ट’ गर्ने व्यवस्था गरिएसँगै सवारी नियम उल्लङ्घनमा जरिवाना तिर्दा हुँदै आएको झन्झट अब अन्त्य हुने विश्वास गरिएको छ। सवारी चालक अनुमतिका लागि ‘ट्रायल’ पास गरेपछि लाइसेन्स कार्ड आवश्यक नपर्ने व्यवस्था गरिएको छ। यसबाट सवारी लाइसेन्स छपाइ नहुँदा परेको समस्या अन्त्य भएको छ।

प्रनामनि बोहराका अनुसार पहिलो चरणमा काठमाडौं, भक्तपुर र ललितपुर जिल्लामा डिजिटल चिट व्यवस्था कार्यान्वयनमा ल्याइनेछ। डिजिटल चिट काट्नका लागि ट्राफिक प्रहरीलाई छुट्टै डिभाइस उपलब्ध गराइएको छ।

यो व्यवस्था कार्यान्वयनमा आएसँगै अब सवारी चालकले चालक अनुमतिपत्र बोक्नु नपर्ने र ट्राफिक प्रहरीलाई नागरिक एपमार्फत चालक अनुमतिपत्र देखाउन सक्नेछन्। नागरिक एपमा चालक अनुमतिपत्रमा रहेको क्युआर कोड देखाउने व्यवस्था गरिएको छ।

ट्राफिक प्रहरीले ‘ई–चलान डिजिटल’ एपमार्फत सडक नियम उल्लङ्घन गर्ने चालकको मोबाइलमा देखिने उक्त क्युआर कोड स्क्यान गरेर कारबाहीको विवरण प्रविष्ट गर्नेछन्। लगत्तै नागरिक एपमा ट्राफिक नियम उल्लङ्घन कोलममा कसूर र जरिवाना रकमसहितको ‘डिजिटल चिट’को विवरण र जरिवाना भुक्तानी गर्ने माध्यम देखाउने व्यवस्था गरिएको छ। यसबाट सवारी चालकले तत्कालै ‘डिजिटल वालेट’मार्फत जरिवाना रकम भुक्तानी गर्न सक्नेछन्।

Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

**कन्डम ...**

प्रभातफेरी नगरपरिक्रमा गर्दै त्रिजुद्ध महावीरप्रसाद रघुवीरराम माविमा पुगेर समापन भएको थियो। प्रभातफेरी र समापन स्थलमा कन्डम वितरण गरिएको विजामका कार्यक्रम अधिकृत नीरज साहले बताए।

कार्यक्रममा एनजिओसिसी पर्साका अध्यक्ष इब्राहिम देवान, नेरेसो पर्साका वीरशमशेर कुर्मी, दिव्य युवा क्लबका रामाकान्त पटेललगायतको सहभागिता थियो।

**वीरेन्द्रको ...**

हेर्न गएका थिए, भाइ घर फर्केन, विजय राति १२ बजे घर फर्केको थियो, उसको खुट्टामा चोट लागेको थियो,” सुरेन्द्रले बताए। अहिले विजय मनीषाको मोबाइल लिएर फरार छ।

बिहीवार बिहान प्रसौनी–१ नकटुवा त्रिवेणी पुलनजीक कुहिएको अवस्थामा वीरेन्द्रको शव बरामद भएको थियो। पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपक भारतीले विभिन्न कोणबाट घटनाको अनुसन्धान भइरहेकाले अहिले केही बोल्नु हतार हुने बताए। उनले पारिवारिक कलहका कारण हत्या भएको हुन सक्ने आशङ्का व्यक्त गरे। वीरेन्द्रकी पत्नी मनीषा अहिले प्रहरीको हिरासतमा छिन्।

# खेलकूदको संसार

## बिरुवागुठी युवा क्लब फाइनलमा

प्रस, पोखरिया, ३ कात्तिक/

नवदुर्गा पूजा समिति पोखरियाको आयोजनामा जिल्ला उच्चाङ्गल मावि, पोखरियाको प्राङ्गणमा भइरहेको फूटबल प्रतियोगिता अन्तर्गत शनिवार भएको दोस्रो सेमिफाइनल खेलमा बिरुवागुठी युवा क्लबले चपुर युवा क्लब, रौतहटलाई पराजित गर्दै फाइनलमा प्रवेश गरेको छ।

बिरुवागुठीले चपुरलाई शून्यका विरुद्ध तीन गोलअन्तरले पराजित गर्दै फाइनलमा प्रवेश गरेको हो। आज भएको खेलमा बिरुवागुठीका रुद्र पौडेलले दुई र अंशु चौधरीले एक गोल गरेका थिए। भोलि फाइनल खेलमा बिरुवागुठी युवा क्लब र वीरगंज युथ एकेडेमी भिड्ने आयोजक समितिका अब्दुल कलाम आलमले बताए।

प्रतियोगिता अन्तर्गत हिजो भएको पहिलो सेमिफाइनल खेलमा वीरगंज युथ एकेडेमी ० का विरुद्ध एक गोल गरी फाइनलमा प्रवेश गरेको छ। वीरगंज युथ एकेडेमी र वीरगंज सिटी क्लबबीच भएको सो खेलमा खेलको १५औं मिनेटमैं युथ एकेडेमीले विजयी गोल गरेको थियो। गत असोज २८ गतेदेखि सञ्चालित प्रतियोगितामा आठवटा टीमले भाग लिएका छन्।

## तेस्रो सखुवाप्रसौनी क्रिकेट प्रतियोगिता उद्घाटन खेलमा अपौनी विजयी

प्रस, पोखरिया, ३ कात्तिक/

सखुवाप्रसौनी गाउँपालिकामा शनिवारदेखि तेस्रो सखुवाप्रसौनी क्रिकेट प्रतियोगिता शुरू भएको छ।

सखुवाप्रसौनी युवा समाजको आयोजनामा सञ्चालित प्रतियोगिताको उद्घाटन गापाध्यक्ष यशवन्त यादवले गरेका थिए। उनले खेल र खेलाडीको हकहितमा आफू एकदम अघि बढेर कार्य गर्दै आएको दाबी गरे। उनले खेलाडीहरूलाई प्रोत्साहित पार्नका लागि प्रतियोगितालाई निरन्तरता प्रदान गर्दै आएको बताए। उनले खेल र खेलाडीहरूको लागि आवश्यक सामग्रीहरू आफूले पालिकाबाट उपलब्ध गराउने बताए। उनले खेलाडीहरूलाई दत्तचित्त भएर खेल्न सुझाए।



तस्वीरः सौजन्य

उद्घाटन समारोहमा वडाध्यक्ष चिरञ्जीवी महतो थारू, वासुदेव महतो, स्थानीयवासी अनिरुद्ध पटेल, पूर्णवासी पटेल, शङ्कर चौधरी, रामनाथ दास थारू, चन्दन सहनीलगायतको सहभागिता थियो।

आज भएको उद्घाटन खेलमा अपौनीले परवानीपुरलाई ८० रनअन्तरले पराजित गऱ्यो। भोलि आइतवार आयोजक सखुवाप्रसौनी र छिपहरमाईबीच हुने चन्दन सहनीले बताए।

## बिपी मेमोरियल कप शुरू

भैरहवा (रूपन्देही), ३ कात्तिक/रासस

बिपी कोइरालाको स्मृतिमा भैरहवामा शनिवारदेखि बिपी कोइराला मेमोरियल कप टी–२० क्रिकेट प्रतियोगिता २०२४ शुरू भएको छ। आज भएको पहिलो खेलमा भारतीय क्लब लाइफ केयर क्रिकेट क्लबले पाकिस्तानी क्लबलाई नौ विकेटको फराकिलो अन्तरले पराजित गरेको छ।

टस हारेर ब्याटिङको निम्तो पाएको पाकिस्तानको जावेद इन्टरनेशनल स्पोर्ट्स एकेडेमीले निर्धारित २० ओभर पनि खेल्न सकेन। कुल १८ दशमलव एक ओभरमा आफ्ना सबै विकेट गुमाउँदै पाकिस्तानले ८९ रन मात्र बनाउन सक्यो। उसका लागि सर्वाधिक रन रिषभ जोशीले बनाए। रिषभले ३१ बलको सामना गर्दै चार छक्का र तीन चौकाको सहयोगमा ४६ रन बनाए।

यस्तै, पाकिस्तानका अलि हुसेनले २५ रन बनाउँदा अन्य कुनै पनि ब्याट्सम्यानले दोहोरो अङ्कसमेत जोड्न सकेनन्। बलिङतर्फ भारतका रोहित डाङ्गवलले चार ओभरमा १९ रन खर्चिंदै पाकिस्तानको चार महत्त्वपूर्ण विकेट लिए। भारतकै योगेशकुमार र सक्षमले समान तीन/तीन विकेट लिए।

९० रनको विजयी लक्ष्यसहित मैदान प्रवेश गरेका भारतको लाइफ केयर क्रिकेट क्लबले सात दशमलव पाँच ओभरमा एक विकेट गुमाउँदै विजयी भयो। आइपिएल खेलिसकेका भारतीय खेलाडी दीपक पुनियाले भारतका लागि ६४ रनको पारी खेले। उनले २५ बलको सामना गर्दै छ छक्का र छवटा नै चौका प्रहार गरे।

यस्तै, दिपांशु फोरेले अविजित २१ रन र राजेश शर्माले अविजित दुई रन बनाए। पाकिस्तानका लागि एकमात्र विकेट पाकिस्तानको राष्ट्रिय टोलीमा समेत रहेका इमरान नाजीरले लिए।

# गाँजाकाण्डमा फरार नुनिया कारागार चलान

प्रस, वीरगंज, ३ कात्तिक/

जिल्ला प्रहरी कार्यालय, बाराले गाँजा बरामद भएपछि फरार रहेका एकजनालाई छ महीनापछि हिजो शुक्रवार पक्राउ गरेको छ।

गत वैशाख ६ गते बाराको पचरौता नगरपालिका–४ बाट २३० किलो गाँजासहित प्रहरीले रौतहट जिल्ला फतुवाविजयपुर नगरपालिका–४ बस्ने चन्दन पासवानलाई पक्राउ गरेको थियो।

पक्राउ परेका पासवानले आफू भरिया मात्र भएको र कारोबारी भने सिम्रौनगढ नपा–६ निवासी अजितकुमार नुनिया रहेको बयान दिएका थिए। उनको बयानपछि जिल्ला अदालत बाराले नुनियाविरुद्ध पक्राउ पुर्जी जारी गरेपछि नुनिया फरार थिए।

हिजो उनलाई पक्राउ गरिएको र बारा जिल्ला अदालतमा हाजिर गराइएको तथा अदालतले पुर्पक्षका लागि नुनियालाई कारागार सजाय सुनाएपछि बन्दी सुधारगृह (कारागार) वीरगंजमा पठाइएको बारा प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले बताए।

## जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो

जुवातास खेले वा खेलाएमा, मुलुकी अपराध संहिता २०७४ को दफा १२५ मा–

- पहिलोपटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजारसम्म जरिवाना,
- दोश्रोपटकमा एक वर्षसम्म कैद र पचास हजार रूपैंयासम्म जरिबाना,
- त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रूपैंयासम्म जरिबाना,
- जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पति जफत हुनेलगायतका कानूनी व्यवस्था छ।

त्यसैले जुवातास नखेलौं, नखेलाऔं, कानूनी कार्वाहीबाट बचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड